# सरकारी वार्ता टोली र राष्ट्रिय हलिया मुक्ति समाज महासंघको वार्ताटोली बीच भएको सहमति

| मिति २०६५।५।२० मा भएको सहमति |
|---|

१. पुस्तौं पुस्ता देखि हलिया परिवारको नाममा रहेको ऋण खारेजीसहित नेपाल सरकारले औपचारिक रुपमा हलिया मुक्तिको घोषणा गर्ने ।

२. राष्ट्रिय हलिया मुक्ति समाज, महासंघका ११ बुँदे मागहरु अध्ययन गरी ठोस कार्य गर्न पीडित हलिया र सम्बन्धित व्यक्तिका तर्फबाट ६ जना र सरकारी निकायवाट ३ गरी ९ सदस्यीय कार्यदल गठन गर्ने । उक्त कार्यदलले गठन भएको १५ दिन भित्र प्रतिवेदन पेश गर्ने ।

३. हलिया आन्दोलनकारी तथा हलिया परिवारलाई आवश्यकता अनुसार सुरक्षा प्रदान गर्ने ।

४. राष्ट्रिय हलिया मुक्ति समाज, महासंघका ११ बुँदे मागहरु प्रति सकारात्मक रहदै सवै मागहरुको सम्बन्धमा कार्यदलले गरेको सिफारिसमा नेपाल सरकारले समस्या समाधानका लागि कारवाही अगाडि वढाउने ।

५. राष्ट्रिय हलिया मुक्ति समाज महासंघले गर्दै आएका सम्पूर्ण आन्दोलनका कार्यक्रम आजै देखि फिर्ता लिने ।

**राष्ट्रिय हलिया मुक्ति समाज,**
**महासंघको तर्फबाट**

..........................
(राजुराम भूल)
अध्यक्ष

..........................
हरि श्रीपाइली

..........................
चक्र वी.के.

..........................
भक्त विश्वकर्मा

**सरकारी वार्ता**
**टोलीको तर्फबाट**

..........................
(जनार्दन शर्मा “प्रभाकर”)
शान्ति तथा पुनर्निर्माण मन्त्री

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com